कारोबार
karobardaily.com



# एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड
# NRN Infrastructure and Development Limited

कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-७, चावहिल प्लाजा, चावहिल, काठमाण्डौ
फोन नं. ०१-४५९२९३९, ४५९४०३४
E-mail: nrninvestmentltd@nrnil.com Web site: www.nrnil.com

## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०६/२४ गते)

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेडको सञ्चालक समितिको मिति २०८० आश्विन १४ गते आइतबार बसेको १२५ औं बैठकको निर्णय अनुसार यस कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८० साल कात्तिक १७ गते (तदनुसार ३, नोभेम्बर, २०२३) शुक्रबार ।
**समय** : बिहान ९:०० बजे
**स्थान** : आम्रपाली व्यान्क्वेट, थिरबम सडक, काठमाण्डौ र विद्युतिय माध्यम (ZOOM APP) मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।

*(सभा स्थलमा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुको उपस्थितिका लागि भर्चुअल (विद्युतिय) माध्यमको व्यवस्था गरिएको छ ।)*

**एघारौं वार्षिक साधारण सभाका प्रस्तावहरु:**

**(क) साधारण प्रस्तावहरु:**

१. एघारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/०८० को वार्षिक नाफा/नोक्सान हिसाब विवरण तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्वद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लागि लेखापरीक्षण समितिको सिफारिस मुताविक लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक पुनःनियुक्तिका लागि योग्य रहेको ।)
४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. कम्पनीको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियममा निम्नानुसार संशोधन गर्ने ।
   (क) प्रबन्धपत्रको दफा ४ को (घ) र (ङ) संशोधन गर्ने, दफा ४ को (ढ) पछि (ण), (त) थप गर्ने र दफा ६ को (ङ), (च) र (छ) हटाउने ।
   (ख) नियमावलीको नियम ७ संशोधन गर्ने, नियम १९ को उपनियम (५) र (७) तथा नियम २३ को भाषागत त्रुटी सच्याउने, नियम २७ को उपनियम (२), (४), र (९), नियम ३१ को उपनियम (१) संशोधन गर्ने एवं सोको (क) र (ख) हटाउने, नियम ३१(२) पछि ३१(३) थप गर्ने र नियम ३२ को उपनियम (१) संशोधन गर्ने ।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**नोट:** साधारणसभा सम्वन्धी अन्य विस्तृत जानकारी तथा नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अनुसारको वित्तीय विवरणको लागि मिति २०८०/०६/२४ गतेको कारोबार दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गरिन्छ ।